# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com

वर्ष : २६ | अंक : २० | बुधवार, २१ असोज, २०८३ | Wednesday, 7 Oct 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०







# कर्णाली सरकारले बनायो नौ वर्षमा ७५ वटा मोटरेवल र १७३ वटा झोलुङ्गे पुल

❒ चाँदनी कठायत
सुर्खेत, २० असोज

कालीकोटको खाँडाचक्र नगरपालिका-२ झाम्लामोडदेखि शुभकालिका गाउँपालिका-२ छहरा जोड्ने झोलुङ्गे पुल बनेपछि पोरीपाल्नीका विद्यार्थी सुबास विकको विद्यालय पुग्ने समय करिब एक घण्टा घटेको छ। पुल नहुँदा सेरिघाटको पक्की पुल हुँदै घुमाउरो बाटोबाट मान्म पुग्नुपर्नेमा अहिले झोलुङ्गे पुलबाट छोटो बाटो भएको छ।

'पहिला त घरबाट विद्यालय पुग्न डेढ घण्टासम्म पैदल हिँड्नुपर्थ्यो,' सुबास भन्छन्, 'अहिले ४०-४५ मिनेटमै स्कुल पुगिन्छ।' उनीसँगै पोरीपाल्नीबाट मान्ममा कक्षा ९ र १० पढ्न जाने विद्यार्थीलाई पुल बनेपछि सहज भएको छ। खाडाचक्र-१ का वडाध्यक्ष धर्मराज ताम्राकारका अनुसार तिलानदीमाथिको झाम्लामोड झोलुङ्गे पुलले नदी-खोला पार गर्न र डाँडाकाँडा जोड्न स्थानीयलाई सहज बनाएको छ। करिब ६ सय मिटर लामो उक्त पुल कालीकोटमा निर्माण भएका झोलुङ्गे पुलमध्ये लामो दूरीमा बनेको पुलमध्ये एक हो।

कर्णाली प्रदेश सरकार गठन भएयता सडक र झोलुङ्गे पुल निर्माणमा भएको लगानीको प्रभाव स्थानीय तहमा देखिन थालेको छ। भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयका अनुसार प्रदेश सरकारको कार्यक्रमअन्तर्गत आव २०८२/८३ को अन्त्यसम्म ७५ वटा मोटरेवल पुल र १७३ वटा झोलुङ्गे पुल निर्माण भएका छन्। प्रदेश सरकार गठन भएको २०७४ फागुन ४ देखि हालसम्म



निर्माण भएका पुलको संख्या २४८ पुगेको हो। मन्त्रालयको तथ्यांकअनुसार आव २०८१/८२ सम्म ५३ वटा सडक पुल निर्माण भएकामा गत आवमा थप २२ वटा बनेका छन्। झोलुङ्गे पुल भने १२५ बाट बढेर १७३ पुगेका छन्।

जुम्लाको सिञ्जा गाउँपालिका-२ रनुखानामा बनेको झोलुङ्गे पुल पनि स्थानीयको लामो घुमाउरो बाटोको विकल्प बनेको छ। ७२ मिटर लामो पुलबाट करिब चार सय घरपरिवार लाभान्वित भएको पूर्वाधार विकास कार्यालय जुम्लाले जनाएको छ।

पुल निर्माण भएपछि स्थानीय विद्यार्थीलाई विद्यालय आउजाउ गर्न सहज भएको सिञ्जा-२ का वडाध्यक्ष तीर्थ वडले बताए। उनका अनुसार पुल नहुँदा स्थानीय र विद्यार्थीलाई यात्रा गर्न समस्या थियो। 'पुल बनेपछि घुमाउरो र लामो बाटो हिँड्नुपर्ने बाध्यता हटेको छ,' वडाध्यक्ष वडले भने। पुलले वडा कार्यालयअन्तर्गतका चुलेलगाउँ, विष्टबाडा र रनुखानाका विद्यार्थीलाई समेत आवतजावतमा सहज बनाएको उनको भनाइ छ। पूर्वाधार विकास कार्यालय जुम्लाका प्रमुख प्रभाकरप्रसाद सिंहका अनुसार कार्यालयको ५५ लाख रुपैयाँ लगानीमा उपभोक्ता समितिमार्फत पुल निर्माण भएको हो। उनका अनुसार पुलबाट चार सय घरपरिवारसँगै त्यहाँ आउने-जाने अन्य व्यक्ति पनि लाभान्वित भएका छन्।

गत आर्थिक वर्षमा मात्रै कर्णालीमा ४८ वटा झोलुङ्गे पुल निर्माण भएका छन्। भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको जिल्लागत विवरणअनुसार सबैभन्दा धेरै हुम्लामा १० वटा बने। दैलेख र डोल्पामा सात/सात, कालीकोटमा छ, सुर्खेत र जुम्लामा पाँच/पाँच, मुगु र सल्यानमा तीन/तीन तथा जाजरकोट र रुकुम पश्चिममा एक/एक वटा झोलुङ्गे पुल निर्माण भएका हुन्। सोही आर्थिक वर्षमा २२ वटा सडक पुल निर्माण भएको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका प्रवक्ता सिनियर डिभिजनल इन्जिनियर प्रेमबहादुर वलीका कार्यक्रमगत विवरणअनुसार आव २०८२/८३ मा झोलुङ्गे पुल निर्माणका लागि ३९ करोड ३५ लाख ६० हजार रुपैयाँको अन्तिम बजेट थियो। त्यसमध्ये २६ करोड ७२ लाख ९४ हजार रुपैयाँ खर्च भएको उनले बताए। सडक मोटरेबल पुलका लागि १ अर्ब १५ करोड ४१ लाख रुपैयाँ अन्तिम बजेट रहेकामा ५३ करोड ९१ लाख ५ हजार ९३० रुपैयाँ खर्च भएको उनले जानकारी दिए। झोलुङ्गे पुलतर्फ प्रदेश सरकारले ५२ वटा निर्माण गर्ने लक्ष्य राखेको थियो। त्यसमध्ये ४८ वटा निर्माण भएका छन्। सडक पुलतर्फ ४३ वटा निर्माण गर्ने लक्ष्य रहेकामा २२ वटा सम्पन्न भएका छन्।

कर्णालीमा पुल निर्माणको एउटा प्रमुख उद्देश्य तुइन विस्थापन पनि हो। प्रदेश सरकारले आव २०८२/८३ मा तुइन विस्थापन गरी झोलुङ्गे पुल निर्माण गर्न १ करोड ५० लाख रुपैयाँ विनियोजन गरेको थियो। २०८२ साउनमा पूर्वाधार विकास कार्यालयमार्फत संकलन गरिएको विवरणअनुसार प्रदेशका सात जिल्लाबाट ५० वटा तुइनको विवरण मन्त्रालयमा पुगेको थियो। हुम्लामा १५, कालीकोट र जाजरकोटमा १२/१२, सुर्खेतमा आठ, डोल्पामा तीन तथा दैलेख र मुगुमा दुई/दुई तुइन रहेको विवरण छ।

तुइन विस्थापित भएपछि हुम्लाको खार्पुनाथ गाउँपालिकामा बनेको लिगे झोलुङ्गे पुलले स्थानीयको दैनिकी फेरिएको छ। खार्पुनाथ-१ र २ जोड्ने लालीबगरको लिगेमा कर्णाली नदीमाथि पुल निर्माण भएपछि त्यहाँ सञ्चालनमा रहेको तुइन विस्थापित भएको छ। खार्पुनाथ-२ का वडाध्यक्ष चन्द्र रावलले पुल सञ्चालनमा आएपछि ठूलो समस्या समाधान भएको बताएका छन्। 'तुइनबाट कर्णाली नदी तरेर वारपार गर्न निकै जोखिमपूर्ण यात्रा गर्नुपरेको थियो,' रावलले भने। नयाँ पुल सञ्चालनमा आएपछि दुई वडाका सात सयभन्दा बढी स्थानीय तथा कर्मचारी लाभान्वित भएको पूर्वाधार विकास कार्यालयका सबइन्जिनियर झुलबहादुर शाहीले बताए।

लिगेमा यसअघि रहेको झोलुङ्गे पुल २०७८ सालमा कर्णाली करिडोरअन्तर्गत दुल्लीकुना-लालीबगर सडक निर्माणका क्रममा भत्किएपछि गाउँपालिकाले तुइन सञ्चालनमा ल्याएको थियो। त्यसपछि स्थानीयले त्यही तुइनबाट कर्णाली नदी वारपार गर्दै आएका थिए। नयाँ पुल निर्माण भएपछि तुइन विस्थापित भएको हो। यस्तै, सल्यानमा निर्माण भएका पुलले बाँकी पृष्ठ २

## कांग्रेस महाधिवेशन : सभापति पदमा तीन जनाको उम्मेदवारी



❒ काँक्रेविहार संवाददाता
काठमाडौं, २० असोज

नेपाली कांग्रेसको १५ औं महाधिवेशनमा सभापति पदमा तीन जनाले उम्मेदवारी दिएका छन्।

राजधानीमा जारी महाधिवेशनमा मंगलबार रातिसम्म गगन थापा, किशोरसिंह राठौर र श्यामकृष्ण खड्गीले सभापति पदमा उम्मेदवारी दिएको पार्टीको केन्द्रीय निर्वाचन समितिले जानकारी दिएको छ।

थापा पार्टीका वर्तमान सभापति हुन्। गत पुस महिनामा आयोजित विशेष महाधिवेनबाट उनी सभापतिमा निर्वाचित भएका थिए। यसअघि उनी १४औं महाधिवेशनबाट महामन्त्री निर्वाचित भएका थिए।

राठौर भने १४औं महाधिवेशनबाट केन्द्रीय सदस्य पदमा निर्वाचित भएका थिए। पूर्वसभापति शेरबहादुर देउवा निकट मानिने राठौर मंगलवारमात्रै बर्दियाबाट महाधिवेशन प्रतिनिधि चुनिएका हुन्।

## घटस्थापनादेखि पूर्णिमासम्म नेपालभरि रूट परमिट खुला



❒ काँक्रेविहार संवाददाता
काठमाडौं, २० असोज

दसैं घटस्थापनादेखि पूर्णिमासम्म नेपालभरि रुट परमिट खुला भएको छ। मंगलवार यातायात व्यवस्था विभागले सरोकारवालाको बैठकपछि यस्तो निर्णय गरेको हो। घटस्थापना २५ असोजमा परेको छ। बैठकले २३ असोजदेखि अग्रिम टिकट बुकिङ खुला गर्ने निर्णय गरेको थियो विभागले कुनै बाटोको विशेष प्रकृतिका कारण त्यस बाटोमा चल्न निषेध गरिएका आकार-प्रकारका सार्वजनिक सवारीसाधनलाई भने बन्देज कायमै रहने उल्लेख गरेको छ।

## भारतबाट पाँच दिनमा ५० हजार भन्दा बढी नेपाली स्वदेश फिर्ता

❒ काँक्रेविहार संवाददाता
बाँके, २० असोज

भारतबाट दसैं पर्व मनाउन पछिल्लो दिनमा नेपालगञ्जस्थित जमुनाह नाका हुँदै स्वदेश फर्किनेको भीड लागेको छ। दसैं पर्व नजिकिँदै गर्दा घर फर्किने नेपालीको संख्या दैनिक बढ्दो क्रममा रहेको इलाका प्रहरी कार्यालय जमुनाहा बाँकेका प्रमुख प्रहरी निरीक्षक राजनप्रसाद भट्टराईले जानकारी दिए। पछिल्लो पाँच दिनमा ५० हजारभन्दा बढी नेपाली दसैं मनाउन जमुनाहा नाका हुँदै घर फर्किएको उनले बताए।

"बिहानदेखि साँझसम्मै दसैं मनाउन भारतबाट घर फर्किने नेपालीको



लर्को लागिरहेको छ, प्रत्येक दिन १० हजारभन्दा बढी नागरिक जमुनाहा नाकाबाट आउने गरेका छन्", उनले भने, "सीमावर्ती क्षेत्रमा उनीहरूमाथि हुनसक्ने लुटपाटलगायतका आपराधिक घटना हुन नदिन नेपाल प्रहरीले आवश्यक समन्वय गर्दै आएको छ।"

भारतको नयाँ दिल्ली, मुम्बई र हिमाञ्चल प्रदेशका विभिन्न सहरमा काम गरेर नेपाली दसैं पर्व मनाउन यतिबेला घर फर्किरहेका छन्।

बाँकेका प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङले भारतबाट चाडपर्व मनाउन घर फर्किने नेपाली नागरिक सीमावर्ती क्षेत्रमा लुटिने, ठगिने र अलपत्र पर्नेजस्ता घटना हुन नदिई सुरक्षित रूपमा गन्तव्यसम्म पुऱ्याउन जमुनाहा नाकामा यात्रु सहायता कक्ष स्थापना गरिएको बताए।

"नागरिकको सुरक्षालाई प्राथमिकतामा राखेर सम्भावित जोखिम पहिचान गरी सोहीअनुसार सुरक्षा योजना लागू गरेका छौं", उनले भने, "भारतबाट फर्किने नेपालीले बाटोमा ठगी, लुटपाटलगायतका समस्या भोग्न नपरोस् भनेर जमुनाहा नाकामै यात्रु सहायता कक्ष सञ्चालन गरिएको हो।"

भारतमा रोजगारीका लागि गएका नेपाली चाडपर्वका बेला ठूलो बाँकी पृष्ठ २

## आन्दोलनरत चिकित्सकलाई काममा फर्कन कर्णाली सरकारको निर्देशन



❒ काँक्रेविहार संवाददाता
सुर्खेत, २० असोज

कर्णाली प्रदेश सरकारले छात्रवृत्ति करारमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीलाई आन्दोलनका कार्यक्रम तत्काल रोकेर नियमित स्वास्थ्य सेवा प्रवाह गर्न निर्देशन दिएको छ। सामाजिक विकास मन्त्रालयले मंगलबार मातहतका स्वास्थ्य सेवा कार्यालय तथा स्थानीय तहलाई पत्र पठाउँदै आन्दोलनमा सहभागी भई सेवामा अनुपस्थित चिकित्सक तथा स्वास्थ्यकर्मीको विवरण माग गरेको हो।

छात्रवृत्ति करारमा कामकाजमा खटाइएका चिकित्सक तथा स्वास्थ्यकर्मीले स्थायीसरह भत्ताको माग राखेर आन्दोलन गरेका थिए। मन्त्रालयले अत्यावश्यक तथा आकस्मिक स्वास्थ्य सेवा प्रभावित हुने गरी आन्दोलन नगर्ननिर्देशन बाँकी पृष्ठ २

## सम्पादकीय

# झुप्राको पानी जोगाउने जिम्मा कस्को ?

कर्णालीमा विकासको कुरा गर्दा सडक, पुल र भवनलाई प्राथमिकतामा राखिन्छ । तर विकासको आधार ऊर्जा हो भन्ने कुरा अझै पर्याप्त रूपमा स्थापित हुन सकेको छैन । ऊर्जा उत्पादनका लागि आवश्यक प्राकृतिक स्रोतको संरक्षण झन् पछाडि परेको देखिन्छ । सुर्खेतको झुप्रा जलविद्युत् आयोजनाको इतिहासले भने विकास र प्राकृतिक स्रोतबीचको सम्बन्धलाई स्पष्ट रूपमा देखाएको छ । पाँच दशकअघि झुप्रा खोलाको पानीबाट वीरेन्द्रनगरलाई उज्यालो बनाउने उद्देश्यले निर्माण गरिएको जलविद्युत् आयोजना त्यस समयका लागि महत्वपूर्ण उपलब्धि थियो । सीमित स्रोत र प्रविधिका बीच निर्माण भएको आयोजनाले लामो समयसम्म वीरेन्द्रनगरको विद्युत् आवश्यकता पूरा गर्न योगदान गऱ्यो । तर समयसँगै यसको उत्पादन क्षमता घट्दै गयो । उपकरण पुराना हुनु एउटा कारण थियो, तर पानीको स्रोत कमजोर हुँदै जानु अझ गम्भीर समस्या बन्यो ।

झुप्रा खोलामा पानीको बहाव घट्नु संयोग मात्र थिएन । जलाधार क्षेत्रमा वन विनाश, खोलाको पानी अन्य प्रयोजनमा मोडिनु र स्रोत संरक्षणप्रति पर्याप्त ध्यान नदिनुको असर आयोजनाले भोग्नुपऱ्यो । एउटा आयोजनाको उत्पादन घट्नु मात्र यसको परिणाम होइन । यसले प्राकृतिक स्रोतको अव्यवस्थित उपयोगले विकासका पूर्वाधारलाई समेत दीर्घकालमा कमजोर बनाउँछ भन्ने सन्देश दिएको छ । आज झुप्राको पानी विद्युत् उत्पादनसँगै वीरेन्द्रनगरको खानेपानीको स्रोतका रूपमा पनि महत्वपूर्ण छ । त्यसैले झुप्रा क्षेत्रलाई केवल एउटा पुरानो जलविद्युत् आयोजनाको स्थानका रूपमा हेर्नु हुँदैन । यो जलस्रोत संरक्षण, वातावरणीय सन्तुलन र सहरी आवश्यकताबीच समन्वय गर्नुपर्ने संवेदनशील क्षेत्र हो ।

यही ठाउँमा अब सौर्य ऊर्जाको नयाँ परियोजना अघि बढ्नु सकारात्मक पक्ष हो । पानीमा निर्भर जलविद्युत्को अनुभवपछि सूर्यको प्रकाशबाट विद्युत् उत्पादनतर्फ अघि बढ्नु प्रविधिको परिवर्तन मात्र होइन, ऊर्जा स्रोतमा विविधता ल्याउने अवसर पनि हो । कर्णालीजस्तो भौगोलिक रूपमा विकट प्रदेशमा सौर्य, जलविद्युत् तथा अन्य नवीकरणीय ऊर्जाको सम्भावनालाई योजनाबद्ध रूपमा उपयोग गर्न सकिन्छ । तर नयाँ आयोजना थप्दैमा ऊर्जा समस्या समाधान हुँदैन । निर्माणपछि नियमित मर्मतसम्भार, उत्पादित विद्युत्को प्रभावकारी प्रसारण, लगानीको पारदर्शिता र स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्नुपर्छ । त्यसभन्दा महत्वपूर्ण कुरा, एउटा आयोजनाका लागि स्रोत उपयोग गर्दा अर्को आवश्यकतामा त्यसको नकारात्मक असर नपर्ने गरी दीर्घकालीन योजना बनाउनुपर्छ । झुप्राको इतिहासले एउटा पाठ सिकाएको छ कि प्राकृतिक स्रोतलाई असीमित ठानेर विकास गर्न सकिँदैन । पानी घटेपछि आयोजना कमजोर हुन्छ, तर स्रोत जोगाउन सके ऊर्जा उत्पादनसँगै खानेपानी, वातावरण र स्थानीय जीवन पनि सुरक्षित हुन्छ । त्यसैले झुप्रामा सौर्य ऊर्जा थपिँदै गर्दा त्यहाँको पानी, वन र जलाधार संरक्षणलाई पनि उत्तिकै प्राथमिकता दिनुपर्छ । विकासले आजको आवश्यकता पूरा मात्र होइन, भोलिका पुस्ताका लागि स्रोत पनि जोगाउन सक्नुपर्छ ।

# मासु खाने संस्कृति, चाडपर्व र मानसिकता !






नेपालमा राजनीतिक व्यवस्था बदलियो, समाजको भौतिक अवस्था पनि फेरियो । तर सामाजिक सोच र मानसिकतामा भने अझै अपेक्षा गरिएअनुसार परिवर्तन आउन सकेको छैन । यहाँ 'व्यवस्था बदलियो' भन्नाले कुनै राजनीतिक वा संवैधानिक फेरबदल मात्र नभई हाम्रा सामाजिक रीतिथिति, चेतना र दैनिक जीवनशैलीमा आएको परिमार्जनलाई बुझ्नुपर्छ ।

पहिले-पहिले गाउँघरमा मासु खाने मुख्य अवसर भनेको विशेष चाडपर्व, विशेष गरी दसैं नै हुने गर्थ्यो । दसैंमा मात्रै मासु खाइने भएकाले त्यस समयमा पशुबलि, पशु हत्या वा मासु उपभोगबारे गाउँघरमा चर्चा-परिचर्चा हुनु स्वाभाविक मानिन्थ्यो । तर, आज समाजको अवस्था र स्वरूप पूर्ण रूपमा फेरिसकेको छ ।

अहिले गाउँदेखि सहरसम्म गल्ली-गल्लीमा मासु पसलहरू खुलेका छन् । खल्तीमा पैसा हुनेहरूले हरेक दिनजसो मासु उपभोग गर्छन् । मासु खानकै लागि दसैं वा कुनै विशेष धार्मिक चाडपर्व नै पर्खनुपर्ने बाध्यता अब रहेन । यद्यपि, चाडपर्वका बेला परिवारका सदस्यहरू टाढा-टाढाबाट घर फर्कने र ठूलो जमघट हुने भएकाले एकै समयमा अलि बढी मात्रामा पशु काटमार हुने गर्छ ।

मानिसले आफूलाई जुन वस्तु प्रिय, स्वादिष्ट र राम्रो लाग्छ, त्यही वस्तु आफ्ना आराध्य देव वा भगवान्लाई अर्पण गर्ने परम्परा परापूर्व कालदेखि चल्दै आएको छ । चाडपर्वका अवसरमा घर-आँगन र पूजास्थल सफा सुग्घर बनाउनु, कलश सिँगार्नु, चोखो र गतिलो वस्तु चढाउनु, फूल तथा माला पहिराउनु, खादा ओढाउनु अनि स्वादिष्ट परिकारको प्रबन्ध गर्नु यी सबै आफ्ना आत्मीय, सम्मानित र आराध्यप्रति श्रद्धा र सम्मान प्रकट गर्ने भावनात्मक तरिकाहरू हुन् ।

तर, दसैं वा अन्य सनातन चाडपर्वहरू नजिकिन थालेपछि यसका विविध पक्षहरूमाथि खोट देखाउने र आलोचना गर्ने एउटा जमात सक्रिय हुने गर्छ । परम्पराका नाममा चलेका केही कुराहरूमा सुधार गर्नुपर्ने ठाउँ वा कमजोरीहरू हुन सक्छन्, त्यसलाई अस्वीकार गर्न सकिँदैन । तर, चाडपर्वहरू केवल कमजोरी खोतल्ने वा आलोचना गर्ने समय मात्र होइनन्, यी त सामाजिक सद्भाव बढाउने, सकारात्मकता खोज्ने र आपसमा खुसी साटासाट गर्ने पवित्र अवसर हुन् ।

हाम्रो समाज र सनातन हिन्दु परम्पराभित्रै पनि ठूलो विविधता विद्यमान छ । यहाँ मासु खाने र रक्तबलि/पशुबलि दिनेहरू पनि छन्, अनि पूर्ण रूपमा शाकाहारी रहेर बलि नदिनेहरू पनि छन् । जनै लगाउने र नलगाउने, वा मद्यपान गर्ने र नगर्ने–सबै प्रकारका मानिसहरू एकापसमा मिलेर बसेका छन् । त्यसैले, कसैको खानपान, जीवनशैली वा धार्मिक आस्थाका आधारमा कसैलाई होच्याउनु वा कसैलाई उचाल्नु कदापि उचित हुँदैन ।सनातन धर्मका परम्पराहरूलाई मात्रै अन्धविश्वासका रूपमा चित्रित गरिनु र त्यसैमाथि प्रश्न उठाइनु एकाङ्गी र पूर्वाग्रहपूर्ण दृष्टिकोण हो । दैनिक रूपमा हजारौँ पशु-पंक्षीहरूको वध भइरहेको हुन्छ, तर चाडपर्व नजिकिने बित्तिकै केही मानिसहरू अचानक 'पशुप्रेमी' वा 'धिकारकर्मी' बनेर चर्को विरोधमा उत्रिन्छन् ।

संसारका अन्य धर्म वा संस्कृतिहरूमा पनि विभिन्न अवसरमा ठूलो सङ्ख्यामा पशु-पंक्षीको वध वा हलाल गर्ने गरिन्छ । तर त्यस्ता विषयमा पूर्ण रूपमा मौन रहने र हिन्दुका चाडपर्वहरू आउँदा मात्रै सदनदेखि सडकसम्म विरोध जनाउने दोहोरो मापदण्ड आपत्तिजनक छ ।

मासु नखानेले खानेलाई दबाब दिनु हुँदैन र खानेले पनि नखानेको आस्थाको सम्मान गर्नुपर्छ । यो नितान्त व्यक्तिगत रोजाइ, आस्था र मानवअधिकारको सर्वव्यापी मान्यताको विषय हो । यदि पशु वधलाई अपराध वा गलत मान्ने हो भने त्यो सबैका लागि, सबै धर्मका लागि र सधैँका लागि लागू हुनुपर्छ, होइन भने कुनै एक विशिष्ट पर्व वा परम्परालाई मात्र लक्षित गरेर विरोध गर्नु तर्कसङ्गत हुँदैन ।

सनातन धर्मका अनुयायीहरूले एकादशी, औँसी, राम नवमी, कृष्ण जन्माष्टमी, शिवरात्रि जस्ता विशेष तिथि र व्रतका दिनहरूमा मांसाहार गर्दैनन् । तर, यसो गर्दा पनि केही मानिसहरूले खोट निकाल्दै भन्छन्, 'दिन र तिथि त सबै उस्तै हुन्, खानेले सधै खाए भइहाल्छ नि ! पशु हत्या त जुनसुकै दिन गरे पनि पाप नै हो ।'

यसरी अरूलाई उपदेश दिने र पशुप्रति दया देखाउने कतिपय मानिसहरू स्वयं भने मासुविना एक छाक पनि बस्न सक्दैनन् । मःमः, सेकुवा, भुटन, तास जस्ता अनेकौँ मासुका परिकार दिनहुँ डकार्नेहरू नै चाडपर्वका बेला ठूला पशुप्रेमी बनेर प्रस्तुत हुनु विरोधाभासपूर्ण छ ।

अन्ततः बलि र मांसाहारी एउटै कुरा नभए पनि पशुबलि र पशु हत्याको प्राविधिक धरातल एउटै हो । तर, दैनिक रूपमा हुने पशु हत्या र मासु उपभोगलाई अनदेखा गर्दै चाडपर्वका बेला मात्र पशु हत्याको बहानामा पशु बलिसँग जोडेर विरोध गर्नु, खासमा सनातन परम्परा र संस्कृतिमाथि नै प्रहार गर्ने नियत देखिन्छ । सुधारका नाममा विकृतिहरू हटाउँदै जानु राम्रो हो, तर परम्पराको मूल मर्मलाई नै आघात पुऱ्याउने गरी गरिने दोहोरो मापदण्डयुक्त बहसले समाजलाई सही दिशा दिन सक्दैन ।

## आन्दोलनरत...

दिएको छ ।

मन्त्रालयले स्वीकृत सम्झौताको सर्त र कबुलियतनामाविपरीत आन्दोलनमा संलग्न भई कार्यालयमा अनुपस्थित रहने चिकित्सक तथा स्वास्थ्यकर्मीको विवरण पठाउन मातहतका कार्यालयलाई निर्देशन दिएको छ ।

पत्रमा स्वीकृत बिदा नलिई आन्दोलनमा अनुपस्थित हुने चिकित्सक तथा स्वास्थ्यकर्मीको 'नियमानुसार तत्काल गयल कट्टी' गरी त्यसको विवरण मन्त्रालयमा पठाउन भनिएको छ ।

मन्त्रालयले आन्दोलनमा संलग्न चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० बमोजिम विभागीय कारबाहीको प्रक्रिया अघि बढाउने चेतावनीसमेत दिएको छ । मन्त्रालयको पत्रमा भनिएको छ, 'अत्यावश्यक एवं आकस्मिक स्वास्थ्य सेवा अवरुद्ध गरी स्वीकृत सम्झौताको शर्त र कबुलियतनामाविपरीत आन्दोलनमा संलग्न भई कार्यालयमा अनुपस्थित रहने चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको नियमानुसार तत्काल गयल कट्टी गरी सोको विवरण यस मन्त्रालयमा लेखी पठाउन ।'

छात्रवृत्ति करारमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीले स्थायी कर्मचारीसरह भत्ता पाउनुपर्ने माग राख्दै आन्दोलन गरिरहेका बेला प्रदेश सरकारले यस्तो निर्देशन दिएको हो ।

मन्त्रालयले आन्दोलनमा सहभागी चिकित्सक तथा स्वास्थ्यकर्मीको संख्या, कुन-कुन स्वास्थ्य संस्थामा सेवा प्रभावित भएको छ वा उनीहरुको भत्तासम्बन्धी माग कति रकमको हो भन्ने विवरण भने पत्रमा खुलाएको छैन ।

मन्त्रालयले मातहतका स्वास्थ्य सेवा कार्यालय तथा स्थानीय तहलाई अत्यावश्यक र आकस्मिक स्वास्थ्य सेवा प्रभावित हुन नदिन तथा नियमित स्वास्थ्य सेवा प्रवाह हुने व्यवस्था मिलाउनसमेत निर्देशन दिएको छ ।

## भारतबाट...

संख्यामा स्वदेश फर्किने यात्रुको सहजता र सुरक्षाका लागि सहायता कक्षबाट आवश्यक सूचना, समन्वय तथा सहयोग उपलब्ध गराइने उनले जानकारी दिए ।

बाँकेका प्रहरी प्रमुख प्रहरी उपरीक्षक अङ्गुर जिसीले चाडपर्वका समयमा हुन सक्ने आपराधिक गतिविधि नियन्त्रण गर्न विशेष सुरक्षा योजना लागू गरिएको बताउँदै भारतबाट फर्किने नेपालीलाई सुरक्षित रूपमा गन्तव्यसम्म पुऱ्याउने गरी सुरक्षा व्यवस्था मिलाइएको उल्लेख गरे ।

भारतबाट फर्किने नेपालीको चापलाई लक्षित गरी नेपालगञ्ज र कोहलपुर बसपार्कमा पनि मङ्गलबारदेखि यात्रु सहायता कक्ष सञ्चालन गरिने प्रहरी उपरीक्षक जिसीले जानकारी दिए ।

सूचना, समाचार तथा विज्ञापनको लागि ९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

## कर्णाली...

पनि सडकले नछोटो बनाएको दूरी छोट्याउने काम गरेका छन् । बनगाड कुपिण्डे नगरपालिका-६ राउचेका बालबालिकाका लागि बन्गाड खोलामाथि स्टिल पुल बनेपछि विद्यालय आउजाउ सहज भएको छ । पूर्वाधार विकास कार्यालय सल्यानले आव २०८१/८२ मा ५२ लाख रुपैयाँ खर्च गरेर करिब ५० मिटर लामो पुल निर्माण गरेको थियो । पुल बन्नुअघि वर्षायाममा राउचेका सयभन्दा बढी विद्यार्थी जोखिम मोलेर खोला पार गरी विद्यालय जान्थे । पुल निर्माण समितिका अध्यक्ष नीमराज सुनारका अनुसार वर्षाको समयमा साउन र भदौ दुई महिना बनगाड खोलामा पानीको सतह उच्च हुने भएपछि राउचेका अभिभावक छोराछोरीलाई विद्यालय छाड्न खोलासम्म आउने गर्थे । 'अभिभावक आउन नभ्याएको बेला स्थानीयले स-साना बालबालिकालाई बोकेर खोला तराउने गर्थे तर अहिले त्यस्तो छैन,' उनले भने । स्थानीय सुशीला विकका अनुसार पुल बनेपछि राउचेका बालबालिका वर्षाका कारण विद्यालय छुटाउनुपर्ने अवस्थाबाट जोगिएका छन् । उनका अनुसार दैनिक करिब सय विद्यार्थी पुल तरेर विद्यालय जाने गरेका छन् । अभिभावक रेसमबहादुर खत्रीले पनि पुल बनेपछि बालबालिकालाई आधा बाटोसम्म छाड्न जानुपर्ने बाध्यता हटेको बताएका छन् । कालीमाटी गाउँपालिका-२ भिंगानेका शेरबहादुर ओलीले पनि पुल बनेपछि विद्यालय, बजार र स्वास्थ्य संस्थासम्म पुग्न सहज भएको बताएका छन् ।

पूर्वाधार विकास कार्यालय सल्यानका सूचना अधिकारी सिद्धार्थ मिश्रका अनुसार प्रदेश सरकार गठन भएयता जिल्लामा २१ वटा झोलुङ्गे पुल निर्माण भएका छन् । सल्यानमा नयाँ र पुराना गरी १५० भन्दा बढी झोलुङ्गे पुल रहेको जनाएको छ ।

तर पुल निर्माणको संख्या बढ्दै गए पनि निर्माण भएका संरचनाको संरक्षण र मर्मतमा पनि ढिलाई हुँदा स्थानीयलाई सास्ती पनि भएको छ । सल्यान र जाजरकोटको सीमामा पर्ने भेरी नदीमाथिको १५७ मिटर लामो झोलुङ्गे पुल २०७९ असोजमा पहिरोका कारण भासिएपछि चार वर्ष पुग्न लाग्दा पनि पुनर्निर्माण हुन सकेको छैन । बन्गाड कुपिण्डे नगरपालिका-२ का चार बस्तीका स्थानीय त्यही जीर्ण पुलबाट जोखिम मोलेर वारपार गर्न बाध्य छन् ।

पुल निर्माणको समग्र प्रगति हेर्दा पछिल्ला दुई आर्थिक वर्षमा मात्रै ७५ वटा सडक पुल र ८२ वटा झोलुङ्गे पुल निर्माण भएका छन् । अर्थात् प्रदेश सरकार गठन भएयता निर्माण भएका २४८ पुलमध्ये १५७ वटा पुल पछिल्ला दुई वर्षमा बनेका हुन् ।यस अवधिमा पुलसँगै प्रदेश सरकारले सडक पूर्वाधारमा पनि लगानी बढाएको छ । भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयका अनुसार प्रदेश सरकार गठन भएयता आव २०८२/८३ को अन्त्यसम्म ३४५ किलोमिटर सडक कालोपत्रे, ८२२ किलोमिटर ग्राभेल र ३ हजार ४१७ किलोमिटर माटे सडक निर्माण भएको छ ।

# श्रमदानपछि तुम्कोट-मुचु ग्रामीण सडक सञ्चालन



❒ **काँक्रेविहार संवाददाता**
हुम्ला, २० असोज

सिमकोट-हिल्सा सडकखण्डअन्तर्गत तुम्कोटबाट मुचु गाउँ जोड्ने ग्रामीण सडकमा खसेको पहिरो पन्छाएपछि यातायात सेवा पुनः सञ्चालनमा आएको छ ।

नाम्खा गाउँपालिका-५ स्थित मुचु प्रहरी चौकीका प्रहरी र स्थानीयवासीले आइतबार र सोमबार बिहान गरी करिब डेढ दिन लगाएर सडकमा खसेको पहिरो र ढुङ्गा पन्छाएपछि अवरुद्ध सडक सञ्चालनमा आएको हो ।

मुचु प्रहरी चौकीका इन्चार्ज प्रहरी सहायक निरीक्षक केशव दत्त जोशीका अनुसार पहिरोका कारण सडक करिब १७ दिनदेखि अवरुद्ध थियो । प्रहरी र स्थानीयवासीले स्वयंसेवी रूपमा श्रमदान गरी सडक खुलाएपछि यातायात सेवा सञ्चालनमा आएको उनले बताए । सडकको करिब दुई सय मिटर क्षेत्रमा पहिरो र ढुङ्गा खसेको थियो । वडाध्यक्ष पाल्जोर तामाङका अनुसार प्रहरी र स्थानीयवासीको संयुक्त प्रयासमा पहिरो पन्छाइएको हो । जिल्लाका बाढीपहिरोबाट अवरुद्ध सडकहरू बजेट लगानी गरेर खुलाउने गरिएको भए पनि तुम्कोट-मुचु ग्रामीण सडक भने जनश्रमदानबाट सञ्चालनमा ल्याइएको हो । यसैबिच, हुम्लाका अझै आठभन्दा बढी ग्रामीण सडकमा पहिरो पन्छाउन नसक्दा यातायात सेवा अवरुद्ध रहेको जनाइएको छ ।

# स्वास्थ्यकर्मीमाथि हातपातप्रति ४ पेसागत संगठनको विरोध



❒ **काँक्रेविहार संवाददाता**
काठमाडौं, २० असोज

बाँकेको कोहलपुरस्थित थापा पोलिक्लिनिकमा स्वास्थ्यकर्मीमाथिको दुर्व्यवहार तथा हातपातको घटनाप्रति स्वास्थ्य क्षेत्रका चार प्रमुख पेसागत संघ-संगठनहरूले आपत्ति जनाएका छन् ।

नेपाल चिकित्सक संघ, नेपाल नर्सिङ संघ, नेपाल स्वास्थ्य प्राविधिक संघ र नेपाल जनस्वास्थ्य संघले संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै उक्त घटनाको निष्पक्ष र सत्यतथ्य छानबिनको पनि माग गरेका छन् ।

पोलिक्लिनिकमा असोज १७ अपरान्हको घटनाबारे सामाजिक सञ्जालमार्फत जानकारी प्राप्त भएको उल्लेख गर्दै ती संगठनहरूले एकपक्षीय आरोपका आधारमा कार्यक्षेत्रमै प्रवेश गरेर स्वास्थ्यकर्मीमाथि गालीगलौज तथा हातपात गरिनु कानुनी राज्यको उपहास भएको जिकिर गरेका छन् ।

विज्ञप्तिमा भनिएको छ, 'सो घटनाका सम्बन्धमा सत्यतथ्य छानबिन गरी दोषी ठहर भएमा कानुन बमोजिम कारबाही हुने कुरामा हाम्रो विमति छैन तर कसैले एकपक्षीय आरोप लगाएको भरमा कार्यक्षेत्रमा प्रवेश गरी गाली बेइज्जती गर्नु, हातपात गर्नु, आफैं दोषी करार गर्नु पनि कानुनी राजको उपहास हो । यसले स्वास्थ्य क्षेत्रमा कार्यरत आम स्वास्थ्यकर्मीहरूको मनोबल गिर्न गई स्वास्थ्य सेवामा समस्या पर्न सक्छ ।'

संघ-संगठनहरूले घटनाको यथार्थ छानबिन गरेर दोषी प्रमाणित भएमा मात्र कानुनअनुसार कारबाही प्रक्रिया अघि बढाउन माग गरेका छन् ।

संयुक्त विज्ञप्तिमा नेपाल चिकित्सक संघका महासचिव डा. विश्वराज दवाडी, नेपाल नर्सिङ संघकी अध्यक्ष प्रा. चन्द्रकला शर्मा, नेपाल स्वास्थ्य प्राविधिक संघका अध्यक्ष अधिवक्ता वसन्तकुमार श्रेष्ठ र नेपाल जनस्वास्थ्य संघका कार्यवाहक अध्यक्ष तेजप्रसाद दुलालले हस्ताक्षर गरेका छन् ।

# सर्वोच्चमा चार न्यायाधीश सिफारिस, बागचन्ददेखि डाँगीसम्म




❒ **काँक्रेविहार संवाददाता**
काठमाडौं, २० असोज

न्याय परिषद्ले सर्वोच्च अदालतमा ४ जना न्यायाधीश नियुक्तिका लागि सिफारिस गर्ने निर्णय गरेको छ ।

मंगलबार प्रधानन्यायाधीश डा. मनोजकुमार शर्माको अध्यक्षतामा बसेको बैठकले उक्त निर्णय गरेको हो ।

न्याय परिषद् सचिवालय स्रोतका अनुसार उच्च अदालतका न्यायाधीशहरू रत्नबहादुर बागचन्द, चन्द्रबहादुर सारू, जनक पाण्डे र गोकर्ण डाँगीलाई सर्वोच्चको न्यायाधीशका लागि सिफारिस गर्ने निर्णय भएको हो ।

बागचन्द उच्च अदालत पोखराका मुख्य न्यायाधीश हुन् ।

बाँकी तीनै जना उच्च अदालतका न्यायाधीश हुन् ।

सारू उच्च अदालत पाटन र पाण्डे उच्च अदालत पाटनको हेटौंडा इजलासका न्यायाधीश हुन् ।

KARNALI PROVINCIAL GOVERNMENT
**MINISTRY OF SOCIAL DEVELOPMENT**
## PROVINCE HOSPITAL
Birendranagar, Surkhet

## Invitation for Sealed Quotation

***First Date of Publication: 2083/06/21(7th October, 2026)***

1. The Province Hospital, Surkhet invites sealed quotations in hard copy from Nepalese eligible bidders for the following procurement in accordance with the applicable public procurement procedures.

| Contract Identification No. | Name of Procurement | Security Fee | Bid Security validity period |
|---|---|---|---|
| PH/Karnali/Works/SQ/ 07-2083/084 | Maintenance Works | 45000.00 | 75 days from the bid submission deadline (i.e.28th Dec.2026) |

2. Interested Bidders may Purchase the Bid Document from Province Hospital, Surkhet upon payment of the prescribed Bid Document fee into the designated Revenue Account and submission of the original bank voucher before 17:00PM on 13th October 2026 (Ashwin 27, 2083)
3. Sealed bids must be submitted to the office of Province Hospital, Surkhet by hand or courier by 12:00 PM on 14th October 2026 (Ashwin 28, 2083) and will be opened the same day at 13:00 PM.
4. **Bid Document Fee:** Rs. 1000.00, Bank Name: Rastriya Banijaya Bank Office Name : Province Hospital, Surkhet Office Code no. 3500268036, Account no: 1000100200010000 Rajaswa (revenue) Shirshak no. : 14229
5. **Cash Deposit Account for Bid Security:** (If bidder wishes to submit the Cash Security) Account Name: Pradesh Lekha Niyantrak Karyalay, Karnali Province, Surkhet, Bank Name: Rastriya Banijya Bank Ltd, Birendranagar Surkhet, Bank Address: Birendranagar, Surkhet, Account Number: 4080100202030000
6. For Contract office of Province Hospital, Surkhet, Email: *provincehospitalskt@gmail.com, Phone No.083-522200, Mobile No.9860826375.*

**Hospital Director**

# सुनौलो फाँटमा जुम्ली मार्सीको सुगन्ध



❒ **काँक्रेविहार संवाददाता**
जुम्ला, २० असोज

मार्सी धान पाक्ने समय नजिकिएसँगै जुम्लाका तिला र हिमा नदीकिनारका फाँटहरू यतिबेला गाढा सुनौलो र खैरो रङमा सजिएका छन् ।

प्रकृतिको यो सुन्दर दृश्यले जति मन लोभ्याउँछ, त्योभन्दा बढी जुम्ली किसानको मुहारमा खुसी ल्याउँछ । पुस्तौंदेखि खेती हुँदै आएको रैथाने मार्सी धान जुम्लाको खाद्य सुरक्षा, किसानको जीविकोपार्जन र विशिष्ट सांस्कृतिक पहिचानसँग गहिरोसँग जोडिएको छ ।

जुम्लाका आठवटै स्थानीय तहमा मार्सी धानको खेती हुन्छ । विशेषगरी पातारासीको छुमचौर, तातोपानीको लाछु ज्युलो, चन्दननाथको शेरा ज्युलो तथा सिञ्जा, हिमा र तिला नदी आसपासका फाँटहरू यसका मुख्य पकेट क्षेत्र हुन् ।

समुद्री सतहबाट करिब तीन हजार ५० मिटर उचाइमा रहेको छुमचौर त विश्वकै सबैभन्दा उच्च स्थानमा धानखेती हुने ठाउँका रूपमा प्रख्यात छ । स्वाद र पोषणका दृष्टिले अत्यन्तै महत्वपूर्ण मानिने यो धान जुम्लाको मौलिक सम्पत्ति नै हो । तथ्याङ्कअनुसार जिल्लाको कुल दुई हजार ८८८ हेक्टर धानखेती हुने क्षेत्रफलमध्ये करिब ३७ प्रतिशत अर्थात् एक हजार ६८ हेक्टरमा रैथाने मार्सी लगाइन्छ । बाँकी एक हजार ८२० हेक्टरमा भने उन्नत जातका धानको खेती गरिन्छ ।

**मार्सीको आफ्नै मौसमी पात्रो**

जुम्लामा मार्सी खेतीको आफ्नै छुट्टै र रोचक मौसमी पात्रो छ । परम्पराअनुसार हरेक वर्ष चैत १२ गते धानको बीउ पानीमा भिजाइन्छ । चार दिनपछि अर्थात् चैत १६ गते पानीबाट निकालेर न्यानो ठाउँमा अङ्कुरण गराएपछि चैत २० वा २१ गतेतिर ब्याडमा छरिन्छ ।

जेठमा मुख्य रोपाइँ भएपछि उचाइ र मौसमअनुसार असोजदेखि कात्तिक महिनाभित्र धान पाकेर भित्र्याउन तयार हुन्छ । त्यसैले, दसैं-तिहारजस्ता प्रमुख चाडपर्वको समयमा जुम्ली किसानहरू मार्सी काट्न र थन्क्याउन निकै व्यस्त हुन्छन् । पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको खेतीको यो ज्ञान र परम्परा स्थानीय किसानका लागि जीविकोपार्जनको दरिलो आधार बनेको छ ।

**आम्दानीको मुख्य स्रोत**

पछिल्लो समय मार्सी धान जुम्ली किसानको आम्दानीको प्रमुख स्रोत बनेको छ । आर्थिक वर्ष २०८०/८१ मा मात्रै जुम्लामा करिब तीन हजार मेट्रिक टन मार्सी उत्पादन भएको थियो । यसको विशिष्ट स्वाद र पोषणसम्बन्धी विशेषताका कारण अहिले स्थानीय बजारमा मात्र नभई बाह्य बजारमा समेत यसको राम्रो पहिचान स्थापित भएको छ ।२०८२ कात्तिकदेखि फागुन मसान्तसम्म करिब १७५ मेट्रिक टन मार्सी चामल बिक्रीका लागि जिल्लाबाहिर पठाइएको र त्यसबाट करिब तीन करोड ५० लाख रुपैयाँ बराबरको कारोबार भएको अनुमान छ । बजार, गुणस्तर र प्याकेजिङअनुसार मूल्य तलमाथि भए पनि सामान्यतया जुम्लामा प्रतिकिलो १८० रुपैयाँ र काठमाडौंमा २५० रुपैयाँसम्ममा मार्सी चामल बिक्री हुने गरेको छ ।

**संरक्षणमा प्रविधिको साथ**

मार्सीको बढ्दो मागसँगै यसको संरक्षण र प्रवर्द्धनमा बाँकी पृष्ठ ४

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# जलवायु उत्थानशीलताका लागि स्थानीय तहबीच सहकार्य आवश्यक

कांँक्रेविहार संवाददाता
सुर्खेत, २० असोज

जलवायु परिवर्तनका कारण प्राकृतिक विपद्का घटना र त्यसबाट हुने क्षति बढ्दै गए पनि विपद् व्यवस्थापनका लागि स्थानीय तहसँग पर्याप्त स्रोतसाधन नभएको जनप्रतिनिधिहरूले बताएका छन् । उनीहरूले जलवायु परिवर्तनबाट सिर्जित समस्या न्यूनीकरण र विपद् प्रतिकार्यका लागि तीनै तहका सरकारबीच समन्वय र सहकार्य आवश्यक रहेको बताएका छन् । राष्ट्रिय किसान महासंघको आयोजनामा मंगलबार वीरेन्द्रनगरमा भएको स्थानीय प्रकोप तथा जलवायु उत्थानशीलता अभ्यास अवलम्बन र योजना सम्बन्धी अन्तरपालिका सिकाइ आदानप्रदान कार्यशालामा सहभागी जनप्रतिनिधिले यस्तो बताएका हुन् कार्यशालामा सुर्खेतका वीरेन्द्रनगर, भेरीगंगा र लेकवेशी नगरपालिकामा महासंघले सञ्चालन गरिरहेको जलवायु उत्थानशीलता अभ्यास तथा योजनाबारे अनुभव आदानप्रदान गरिएको थियो । तीनवटै पालिकामा सहलगानीमा कार्यक्रम सञ्चालन भइरहेको छ । लेकवेशी नगरपालिकाका उपप्रमुख विमला खड्लुकले जलवायुमा आएको परिवर्तनका कारण ठूला प्राकृतिक समस्या बढिरहेको बताइन् । विपद्का कारण खानेपानी, कृषि, स्वास्थ्य र सडक पूर्वाधारमा क्षति पुग्ने गरेको उल्लेख गर्दै उनले स्थानीय तहको सीमित बजेटबाट विपद् व्यवस्थापन गर्न कठिन भइरहेको बताइन् ।

'विपद्ले सडक अवरुद्ध हुँदा स्थानीय तहको बजेटले धान्न सक्दैन,' उनले भनिन् । आगलागी नियन्त्रणका लागि दमकल किन्नसमेत स्थानीय तहलाई कठिनाइ रहेको उनले बताइन् । संघ र प्रदेश सरकारले बनाएका नीति कार्यान्वयनमा ढिलाइ हुँदा विपद्मा



परेकाको समयमै व्यवस्थापन गर्न समस्या भइरहेको उनको भनाइ छ । समयमा पानी नपर्दा कृषि उत्पादन घटिरहेको, किसानले पशुपालन छाड्दै गएको र रासायनिक मलको अभावले उत्पादनमा ह्रास आएको उनले बताइन् । जैविक मल व्यवस्थापनका लागि छुट्टै नीति ल्याएर रासायनिक मलको असर कम गर्न प्रदेश र संघ सरकारले ध्यान दिनुपर्ने उनले बताइन् यस्तै, भेरीगंगा नगरपालिकाका नगर प्रमुख यज्ञप्रसाद ढकालले जलवायु परिवर्तनको असर भौगोलिक अवस्थाअनुसार बहुजोखिमका रूपमा देखिएको बताए । वातावरणमा आधारित खेतीबाट जीविकोपार्जन गर्ने समुदायलाई जलवायु परिवर्तन र त्यसबाट निम्तिने विपद्ले थप चुनौती दिएको उनको भनाई छ ।

जलवायु उत्थानशील जैविक रैथाने बालीको प्रवर्द्धनमार्फत उत्पादन बढाउनुपर्नेमा जोड दिँदै उनले त्यसबाट वातावरण संरक्षणमा समेत सहयोग पुग्ने बताए । भेरीगंगाका दुई गाउँ विउरेनी र लेखहात्तिखाललाई अर्गानिक गाउँ घोषणा गरिएको उनले जानकारी दिए । 'जलवायु उत्थानशील गाउँ घोषणा कार्यविधि निर्माण गरेर अघि बढेका छौं,' ढकालले भने । वातावरण संरक्षणका लागि सबैले आफ्नो ठाउँबाट आवाज उठाउनुपर्ने उनको भनाइ थियो । कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री जुम्कित लामाले जलवायु परिवर्तन र त्यसबाट निम्तिने विपद्सँग जुध्न स्थानीय सरकारलाई थप स्रोतसाधनयुक्त बनाउनुपर्ने बताइन् । जनताको नजिकमा रहेका स्थानीय सरकार जलवायु उत्थानशीलताका लागि जिम्मेवार भएर लाग्नुपर्ने उनले बताइन् ।

कर्णालीमा कृषि उत्पादन घट्नुमा आवश्यकताअनुसार कृषि क्षेत्रको विकास हुन नसक्नु पनि कारण रहेको उनको भनाइ थियो । कृषिको पुरानो मोडल परिवर्तन गरी सिँचाइ र जलवायु उत्थानशील योजनाअनुसार नीति बनाउनुपर्ने उनले बताइन् । 'भाषणमा नभई काममा विश्वास गर्नुपर्नेछ,' उनले भनिन् । राष्ट्रिय किसान महासंघ कर्णाली प्रदेश अध्यक्ष सन्तबहादुर केसीले कर्णालीलाई अर्गानिक प्रदेश घोषणा गरिए पनि व्यवहारमा कार्यान्वयन हुन नसकेको बताए । अर्गानिक प्रदेश घोषणा गर्नुअघि आवश्यक तयारी गर्नुपर्ने भए पनि त्यसो हुन नसकेको उनले बताए । सरकारको नीतिका कारण किसान रासायनिक मल प्रयोगबाट निरुत्साहित हुन नसकेको उनको भनाइ छ । 'युरिया दिने बेला डिएपी र डिएपी दिने बेला युरिया दिने नीतिले किसान कहिल्यै पनि माथि उठ्न सक्दैनन् । यो नीति परिवर्तन हुन आवश्यक छ,' उनले भने । तीन करोडभन्दा माथि काम गर्नेलाई मात्र किसान ठान्ने सरकारी नीति साना किसानमैत्री नभएको केसीले बताए ।

## सुनौलो...

विभिन्न सङ्घसंस्थाहरूले पनि हातेमालो गरिरहेका छन् । संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (ग्ल्मए) को कृषि-खाद्य प्रणालीका लागि नवीकरणीय ऊर्जा (RERAS) परियोजनाले स्थानीय तथा जलवायु-अनुकूल कृषि प्रणालीलाई प्रवर्द्धन गर्दै मार्सीलगायतका रैथाने बालीलाई प्राथमिकतामा राखेको छ ।

यस परियोजनाले सिँचाइ र कृषि उपकरणमा विद्युत्को उपयोग बढाउनुका साथै बाली भित्र्याइसकेपछिको प्रशोधन, भण्डारण, प्याकेजिङ र बजार पहुँच विस्तारमा सघाइरहेको छ । परम्परागत ज्ञानलाई उपयुक्त प्रविधिसँग जोड्ने यी प्रयासले किसानको श्रमभार घटाउन, उत्पादनको गुणस्तर कायम राख्न र सजिलै बजारसम्म पुऱ्याउन ठूलो मद्दत पुगेको छ ।

परियोजनाको सहयोगले कृषकहरूमा उत्साह थपेको छ । चन्दननाथ नगरपालिका-८, स्यालबाडास्थित रैथाने बाली, फलफूल तथा तरकारी कृषक समूहकी माया राना भन्छिन्, 'रैथाने बालीको खेती क्रमशः घट्दै गइरहेको अवस्थामा रेरास (RERAS) परियोजनाले हामीलाई स्थानीय तथा रैथाने बालीको प्रवर्द्धन गर्न र यसको खेती हुने क्षेत्र विस्तार गर्न सहयोग गरेको छ ।

उत्पादन बढेपछि अहिले हामी सहकारीमार्फत आफ्ना कृषि उपज बिक्री गर्न सक्षम भएका छौं, जसले हाम्रो आम्दानी पनि बढाएको छ । आफ्ना रैथाने बालीको संरक्षणसँगै जीविकोपार्जनमा पनि सुधार ल्याउन सकेकोमा मलाई धेरै खुसी लागेको छ ।'


वनगाड कुपिण्डे नगरपालिका

जनहितमा जारी सूचना

वनगाड कुपिण्डे नगरपालिकाभित्रका सम्पूर्ण नागरिकहरुमा जानकारी गराईन्छ कि नगरपालिकाको समग्र विकास, सुशासन प्रवर्द्धन तथा गुणस्तरीय सेवा प्रवाहका लागि नगरपालिका निरन्तर रुपमा क्रियाशील रहेको छ ।

नगरपालिकाबाट सञ्चालन हुने विकास निर्माणका योजना तथा कार्यक्रमहरुमा स्थानीय नागरिकको सक्रिय सहभागिता, निगरानी र सहयोग आवश्यक रहेको हुँदा सबै सरोकारवालालाई जिम्मेवार भूमिका निर्वाह गर्न अनुरोध गरिन्छ ।

वर्षायाम नजिकिँदै गएकोले बाढी, पहिरो तथा प्राकृतिक विपदका सम्भावित जोखिमप्रति सचेत रहन, जोखिमयुक्त स्थानमा अनावश्यक आवतजावत नगर्न तथा कुनै पनि विपद् सम्बन्धी सूचना प्राप्त भएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराउन अनुरोध गरिन्छ ।

साथै, सरसफाइ, वातावरण संरक्षण, खानेपानी स्रोतको संरक्षण, वन तथा प्राकृतिक सम्पदाको दिगो उपयोग, बालविवाह, छुवाछुत, लैङ्गिक हिंसा तथा अन्य सामाजिक विकृति विरुद्ध सचेतना फैलाउन सबै नागरिकलाई आग्रह गरिन्छ ।

नगरपालिकाबाट प्रदान गरिने सेवा, सामाजिक सुरक्षा भत्ता, व्यक्तिगत घटना दर्ता, कृषि तथा पशुपालन कार्यक्रम, स्वास्थ्य सेवा, शिक्षा तथा अन्य विकाससम्बन्धी जानकारीका लागि सम्बन्धित वडा कार्यालय वा नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

समृद्ध, सुरक्षित र सुशासित वनगाड निर्माणका लागि सम्पूर्ण नागरिकको सहयोग, सुझाव र सहभागिताको अपेक्षा गर्दछौं ।



वनगाड कुपिण्डे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
देवस्थल, सल्यान
कर्णाली प्रदेश, नेपाल

सरसफाईमा सबैको सहभागिता | वातावरण संरक्षणमा सबैको प्रतिबद्धता | सुरक्षित वनगाड, समृद्ध वनगाड



अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतको अनुरोध

कुनै सार्वजनिक निकायबाट सेवा लिने क्रममा तपाईंसँग कुनै कर्मचारी वा बिचौलियाले बहाना बनाई गैर कानूनी रूपमा घुस/रिसवत मागेको वा सार्वजनिक निकायहरूमा भ्रष्टाचारजन्य कसूर भएको सूचना/जानकारी भएमा निम्न माध्यमबाट सम्पर्क गर्नुहुन वा उजुरी दिनुहुन अनुरोध गर्दछौं ।

| कार्यालय प्रमुख | चौबिसै घण्टा उपलब्ध हुने मोवाइल नं. | सूचना अधिकारी |
|---|---|---|
| ९८५८०५२६६६ | ९८५८०५३४२२ | ९८५८०७३६६६ |

इमेल : ciaasurkhet@gmail.com / ciaa.surkhet@ciaa.gov.np

*भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेत र कांँक्रेविहार राष्ट्रिय दैनिक बिचको समझदारीमा ।*



वार्षिक साधारण सभा हुने सम्बन्धी सूचना

सम्पूर्ण शेयर सदस्यज्यूहरूमा हार्दिक निमन्त्रणा

यस **श्री पूर्ण सक्रिय समाज बचत तथा ऋण सहकारी संस्था लिमिटेड**को ३०औं वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा हुने भएकाले पत्र पठाइ सकिएको छ । कारणवस पत्र प्राप्त नभएमा सम्पूर्ण शेयर सदस्यज्यूहरूले यसै सूचनालाई आधार मानी अनिवार्य उपस्थितिका लागि अनुरोध छ ।

तपशिल

मिति : २०८३ असोज २१ गते बुधवार
समय : बिहान १०:०० बजे
स्थान : पूर्ण सक्रिय समाज साकोस प्राङ्गणमा ।

*शंकरबहादुर अधिकारी*
*संयोजक*
*पचारप्रसार उप-समिति*

श्री पूर्ण सक्रिय समाज बचत तथा ऋण सहकारी संस्था लि.
वीरेन्द्रनगर-२, कोलडाँडा, सुर्खेत



BND
वीरेन्द्रनगर डेन्टल केयर होम
वीरेन्द्रनगर ६, हटियाचोक सुर्खेत
मा उपलब्ध अत्याधुनिक दन्त उपचार सेवाहरू:→

विश्वस्तरीय प्रविधि र अनुभवी दन्त चिकित्सकद्वारा सेवा

१. पूर्ण दन्त परीक्षण: मुख र दाँतको विस्तृत जाँच ।
२. दाँत सफाई: अत्याधुनिक प्रविधिद्वारा दाँत र गिजाको सफाई ।
३. दाँत भर्ने र जरादेखि उपचार (RCT): किराले खाएको दाँतको सुरक्षित उपचार ।
४. दाँत रोप्ने (Dental Implant): हराएको दाँतको स्थायी र प्राकृतिक समाधान ।
५. दाँत बाँध्ने (Braces): टेढोमेढो दाँतलाई सिधा र आकर्षक बनाउने ।
६. नक्कली दाँत राख्ने (Crown/Bridge/Denture): हराएको दाँतको सट्टा नक्कली दाँत राख्ने ।
७. दाँत निकाल्ने: सामान्य र जटिल प्रकारका दाँत निकाल्ने सेवा ।
८. लेजर र कस्मेटिक उपचार: आधुनिक प्रविधिबाट दाँत र मुस्कानलाई सुन्दर बनाउने ।
९. बाल दन्त चिकित्सा: बालबालिकाहरूको दन्त स्वास्थ्यको विशेष हेरचाह ।

तपाईंको दन्त स्वास्थ्यसँग सम्बन्धित जुनसुकै समस्याको लागि हामीलाई सम्पर्क गर्नुहोस्।



आधुनिक प्रविधि | सुरक्षित उपचार | उत्कृष्ट सेवा

सम्पर्क : स्थान: वीरेन्द्रनगर ६, हटिया चोक, सुर्खेत फोन नम्बरहरू: ९८५८०५११६४, ९८५८०६१७६९, ९७१२०५५५६५



सम्पूर्ण छपाईका काम
एकै ठाउँमा

GLOBAL OFFSET PRESS

लेबल स्टिकर, ब्रोसर पम्पलेट, क्यालेडर, पोस्टर
सरकारी फारम, भौचर, चलानी, बिलबुक
पुस्तक, नोटबुक, डायरी, रसीद, क्यागोजिन, पत्रिका
आईडी कार्ड, बिजिटिङ कार्ड, निमन्त्रणा पत्र, फ्लेक्स, ब्यानर

offsetpressg@gmail.com
वीरेन्द्रनगर-३ सुर्खेत
९८५८०५४८११, ९८५८०५५६२६



गुणस्तर हाम्रो प्रतिबद्धता, सन्तुष्टि हाम्रो लक्ष्य।
समयमै गुणस्तरीय सेवा | उच्च गुणस्तरको छपाई | अनुभवी टोली | ग्राहक सन्तुष्टि हाम्रो प्राथमिकता


कांँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email** : ekankrebihardaily@gmail.com, **web** : kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)